**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**भकुण्डेवेशि ,काभ्रेपलान्चोक**
**बागमती, प्रदेश, नेपाल**

आ.व. २०८२/८३
आन्तरीक आय ठेक्काको
**सिलबन्दी दरभाउ पत्र फाराम**
ठेक्काको विषय क्षेत्रः

| | |
|---|---|
| आन्तरिक आय संकेत नं. | NMIR/03/2082/083 |
| ठेक्काको विषय क्षेत्र | नमोबुद्ध मन्दिर परिसरमा पार्किङ शुल्क,शौचालय शुल्क,पर्यटन शुल्क र वहाल विटौरी शुल्क। |
| सिलबन्दी दरभाउ पत्र फाराम नं | ०३/२०८२/०८३ |
| सिलबन्दी दरभाउ पत्रदाता फर्मको नाम | |
| सिलबन्दी दरभाउ पत्रदाता फर्मको ठेगाना | |

**नमोबुद्ध नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**नमोबुद्ध ,काभ्रेपलान्चोक**
**बागमती, प्रदेश, नेपाल**

## आन्तरिक आय तर्फको शिलबन्दी सिलबन्दी दरभाउ पत्र आव्हान सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०८२/०८/०५

नमोबुद्ध नगरपालिकाको आर्थिक ऐन, २०८२ को दफा १० सम्बन्धित अनुसूची ८ तथा दफा ११ को अनुसूची ९ को अधीनमा रही , यस नगरपालिका क्षेत्र भित्रको नमोबुद्ध नगरपालिकाको आर्थिक ऐन मा तोकिएका दरमा नमोबुद्ध मन्दिर परिसरमा पार्किङ शुल्क,शौचालय शुल्क,पर्यटन शुल्क र वहाल विटौरी शुल्क संकलनको ठेक्का लिन इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट तोकिएको न्यूनतम अंकमा नघट्ने गरी ठेक्का सम्बन्धी सर्तहरुको अधीनमा रही शिलबन्दी दरभाउपत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी या म्याद नाघी आएका शिलबन्दी सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही गरिने छैन ।

थप जानकारीको लागि नमोबुद्ध नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिने छ ।

**आन्तरिक आय ठेक्का विवरण**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | न्युनतम अङ्क | सिलबन्दी दरभाउ पत्र फाराम दस्तुर (रु) | धरौटी/जमानत रकम |
|---|---|---|---|---|---|
| १ | NMUN/IR/03/2082/083 | नमोबुद्ध मन्दिर क्षेत्रमा पार्किङ शुल्क,शौचालय शुल्क,पर्यटन शुल्क र वहाल विटौरी शुल्क | १३,५०,००० | १,०००/- | ६७,५००/- |

**ठेक्का सम्बन्धी शर्तहरु :**

१. सिलबन्दी दरभाउ पत्र फाराम खरिद गर्दा व्यक्तिको हकमा नेपाली नागरिक भए नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि र प्यानको प्रतिलिपि, फर्मको हकमा फर्म दर्ता प्रमाण पत्र को प्रतिलिपि ,अद्यावधिक फर्म नविकरण प्रमाणपत्रको प्रतिलिपि, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि साथै लिखित निवेदन संलग्न गरी यो सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०८२/०८/२१ गते) को कार्यालय समयभित्र नमोबुद्ध न. पा. को कार्यालय काभ्रे नमोबुद्ध नगरपालिकाको राजश्व शाखाबाट खरिद गर्न सकिनेछ सिलबन्दी दरभाउ पत्र भर्दा कवोल अंङ्क उल्लेख गरी कूल अंङ्क समेत उल्लेख गर्नुपर्नेछ ।कबोल रकम अंङ्क र अक्षर दुवैमा खुलाउनु पर्नेछ ।अंक र अक्षरमा लेखिएको रकम फरक परेमा अक्षरमा लेखिएको रकमलाई मान्यता दिइनेछ ।

२. ठेक्का अवधि ठेक्का सम्झौता भई दोश्रो पक्षले कार्यदिश प्राप्त गरेपछि २०८३ साल पौष मसान्तसम्म रहनेछ ।

३. धरौटी बापत कबोल गरेको अंङ्कको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि. नमोबुद्ध स्थित बैंक खाता नं. ग-३-१५४०१००३०३००००२ मा नगद दाखिला गरेको सक्कल भौचर वा सिलबन्दी दरभाउ पत्र दाखिला गर्ने अन्तिम मितिबाट ४५ दिन सम्म म्याद भएको बैंक जमानत (बिड बण्डको सक्कल प्रति) सिलबन्दी दरभाउ पत्र साथ संलग्न गरी पेश गर्नुपर्नेछ । धरौटी बापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाइनेछैन र उक्त बैंक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरिसके पछि प्रचलित ऐन बमोजिम फिर्ता गरिनेछ।

४. सिलबन्दी दरभाउ पत्र खरिद गर्दा नियमानुसार लाग्ने दस्तुर बापतको रकम यस कार्यालयको राजश्व शाखामा तिरी सो को सक्कल रसीद वा राष्ट्रिय वाणिज्य बैंक लि. नमोबुद्ध शाखामा रहेको यस नमोबुद्ध नगरपालिकाको खाता नं. ग-१-१-१५४०१००३०१०१०००२ मा दाखिला गरी सो को सक्कल भौचर यस कार्यालयमा पेश गर्नु पर्ने छ ।

५. कारण जनाई वा नजनाई वोलपत्र स्वीकृत गर्ने वा नगर्ने अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

६. सिलबन्दी दरभाउ पत्र पेश गर्दा कुनै किसिमको शर्त मान्य हुने छैन । साथै रित नपुगी आएको सिलबन्दी दरभाउ पत्र उपर कुनै कारवाही हुनेछैन ।

७. ठेक्कामा कुनै विवाद भएमा नमोबुद्ध नगर कार्यपालिकाको निर्णय अन्तिम हुनेछ ।

८. उपरोक्त ठेक्काको लागि सूचना प्रकाशित भएको मितिले १५ औं दिन ( मिति २०८२/०८/२० गते) सम्म कार्यालय समय भित्र सिलबन्दी दरभाउ पत्र खरिद गरी १६औं दिन (मिति २०८२/०८/२१) को १२:००

बजे भित्र यस कार्यालयमा शिलबन्दी सिलबन्दी दरभाउ पत्र बुझाउनु पर्नेछ ।प्राप्त सिलबन्दी दरभाउ पत्रहरु सोही दिन दिनको १:०० वजे नमोबुद्ध नगरपालिकाको कार्यालयमा सिलबन्दी दरभाउ पत्रदाता वा नीजको प्रतिनिधिको रहोबरमा खोलिनेछ। तर सिलबन्दी दरभाउ पत्रदाता वा नीजको प्रतिनिधि उपस्थित नभएकै कारणले सिलबन्दी दरभाउ पत्रहरु खोल्नमा बाधा पर्ने छैन ।

९. सिलबन्दी दरभाउ पत्र फारामहरु खरिद गर्ने, दाखिला गर्ने, खोल्ने दिन सार्वजनिक विदा परेमा क्रमश सो को भोलिपल्ट सोही समयमा खरिद, दर्ता तथा खोल्ने कार्य गरिनेछ ।

१०. सिलबन्दी दरभाउ पत्र स्वीकृत सम्बन्धि जानकारी प्राप्त भएको मितिले ७ (सात) दिनभित्र कवोल अंकको ३० प्रतिशत रकम नगदै तथा बाँकी रकमको हकमा यस कार्यालयको पक्षमा नेपाल सरकारबाट मान्यता प्राप्त वाणिज्य बैंकबाट जारी भएको वापतको रकम समेतको कार्यसम्पादन जमानीपत्र (२०८३ माघ मसान्तसम्मको )सहित सम्झौता गर्न आउनु पर्नेछ ।दोस्रो किस्ताबापतको ४०% (चालिस प्रतिशत) रकम २०८३ जेठ मसान्तसम्म र वाँकि ३०%(तिस प्रतिशत)अन्तिम किस्ता वापतको रकम २०८३ मंसिर मसान्तसम्म बुझाइसक्नुपर्नेछ। तथा सम्पुर्ण रकम अग्रिम रुपमा सम्झौता वखतको समयमै बुझाएमा,कवोल अङ्कको ५ प्रतिशतले हुन आउने रकम छुट हुनेछ।

११. ठेक्का प्राप्त गर्ने व्यक्ति वा फर्मले स्थानीय संस्कृति एवं बिगत देखि प्रचलनमा रहेका रीतिरिवाज लाई असर गर्ने गरी कुनै क्रियाकलाप गर्न पाउने छैन ।

१२. नमोबुद्ध नगरपालिकाले अनुगमन गर्दा कानुन र मापदण्ड बमोजिम नपाइएमा प्रचलित कानुन बमोजिम कारवाही हुनेछ ।

१३. यस सूचनामा उल्लेख भएका शर्तहरुका अतिरिक्त सिलबन्दी दरभाउ पत्र साथ संलग्न गरिएको आय ठेक्का सम्बन्धी अन्य शर्तहरुका प्रत्येक बुदांहरु यसै सूचनाका शर्त सरह लागु हुनेछ ।

१४. जुन अवधि सम्मको लागि ठेक्का सम्झौता भएको हो सोहि अबधि भित्र उक्त ठेकेदारले नमोबुद्ध मन्दिर क्षेत्रमा उठाइसक्नु पर्नेछ ।

१५. कुनै किसिमको परिस्थिति देखाई ठेक्का रकम छुट/मिनाहा सम्बन्धि कुनै माग कार्यालयलाई स्वीकार्य हुनेछैन ।

१६. यस सूचना तथा सिलबन्दी दरभाउ पत्र साथ संलग्न अन्य शर्तहरु पूरा नभएका सिलबन्दी दरभाउ पत्रहरु मूल्यांकनमा समावेश गरिने छैन ।

१७. सरकारी कार्यालय,दातृ निकाय तथा कुटनैतिक नियोगका सवारी साधन,एम्वुलेन्स र शव वहानमाहरुमा पार्किङ शुल्क असुल गर्न पाइने छैन।साथै शुल्क असुल गर्ने प्रयोजनका लागि ऋट,तगारो वा डोरी जस्ता अबरोध प्रयोग गर्न पाइने छैन।

१८. अन्य व्यवस्था नमोबुद्ध नगरपालिकाको आर्थिक ऐन,कार्यपालिका/सभाको निर्णय र सम्झौतामा उल्लेख गरे वमोजिम हुनेछ। यस सुचनामा नपरेका कुराहरुको हकमा सार्वजनिक खरिद ऐन,२०६३ खरिद नियमावली २०६४ बमोजिम हुनेछ।

१९. यो सूचना यस कार्यालयको website www.namobuddhamun.gov.np मा हेर्न सकिनेछ।

# नमोबुद्ध नगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
## भकुण्डेवेशी काभ्रेपलाञ्चोक।
**ठेक्का नं.: NMIR/03/2082/083 (BOQ)**

| क्र.सं. | आन्तरिक आय ठेक्का संकेत | ठेक्काको विषय क्षेत्र | न्युनतम अंक | कबोल रकम अंकमा | कबोल रकम अक्षरमा | ५ प्रतिशत धरौटि रकम) |
|---|---|---|---|---|---|---|
| १. | NMUN/IR/03/2082/083 | नमोबुद्ध मन्दिर क्षेत्रमा पार्किङ शुल्क,शौचालय शुल्क,पर्यटन शुल्क र वहाल विटौरी शुल्क | १३,५०,००० | | | |

| | |
|---|---|
| फर्मको नामः | |
| ठेगानाः | |
| दस्तखतः | |
| सम्पर्क मोवाइल नं.: | |
| मितिः | |
| छाप | |